आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय त्रिपुरेश्वर

# आर्थिक अध्यादेश, २०७८ ले प्रदान गरेका छुट सुविधाहरु उपयोग गर्ने वारेको सूचना

**लागू हुने मिति २०७८/२/१५**

| क्र. सं. | दफा | विषय | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | २० | **प्रशासकीय पुनरावलोकन वा पुनरावेदनमा रहेका मुद्दा फिर्ता लिई कर तिरेमा शुल्क, थप दस्तुर तथा जरिबाना मिन्हा सम्बन्धी विशेष व्यवस्था** | • मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ र आयकर ऐन, २०५८ बमोजिम संवत् २०७७ साल असार मसान्तभित्र भएको कर निर्धारण वा अन्तःशुल्क निर्धारण वा संशोधित कर निर्धारणउपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिई विचाराधीन रहेका वा विभागको निर्णयमा चित्त नबुझाई राजस्व न्यायाधिकरण वा अदालतमा पुनरावेदनमा गई विचाराधीन रहेका मुद्दा मध्ये झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारण वा संशोधित कर निर्धारणबाट कायम भएको मूल्य अभिबृद्धि कर, अन्तःशुल्क र आयकर बापतको कर वा अन्तःशुल्क रकम र यस उपदफाको सुविधा उपभोग गर्न निवेदन दिएको मितिसम्मको ब्याजको पचास प्रतिशत रकम संवत् २०७८ साल मङ्सिर मसान्तभित्र बुझाएमा शुल्क, थप दस्तुर, जरिबाना तथा बाँकी ब्याज मिन्हा हुने।<br>• **स्कीमको अवधि *२०७८ मङ्सिर मसान्तसम्म*** |
| २. | २१ | **बक्यौता मिन्हा सम्बन्धी विशेष व्यवस्था** | • अन्तःशुल्क ऐन, २०१५ बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकम, आयकर ऐन, २०३१ बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकम र मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्रीकर ऐन बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकममध्ये अन्तःशुल्क वा कर रकमको पचहत्तर प्रतिशत रकम संवत् २०७८ साल पुस मसान्तभित्र बुझाएमा जरिबाना, शुल्क, ब्याज र बाँकी अन्तःशुल्क वा कर मिन्हा हुने।<br>• मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ र आयकर ऐन, २०५८ बमोजिम संवत् २०७६ साल असार मसान्तसम्म कर निर्धारण वा अन्तःशुल्क निर्धारण वा संशोधित कर निर्धारण बक्यौता रहेको रकम मध्ये झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारणबाट कायम भएको बक्यौता बाहेक अन्य बक्यौताको हकमा कर वा अन्तःशुल्क रकम र यस उपदफाको सुविधा उपभोग गर्न निवेदन दिएको मितिसम्मको ब्याज संवत् २०७८ साल पुस मसान्तभित्र बुझाएमा शुल्क, थप दस्तुर र जरिबाना मिन्हा हुने।<br>• गैर नाफामूलक सामुदायिक अस्पताल वा स्वास्थ्य संस्था तथा विद्युतीय सञ्जालमा आधारित सवारी सेवा उपलब्ध गराउने सञ्चालकलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ र आयकर ऐन, २०५८ बमोजिम आन्तरिक राजस्व कार्यालयबाट संवत् २०७८ साल जेठ १५ गतेभन्दा अघि कर निर्धारण वा संशोधित कर निर्धारण भई न्यायिक प्रक्रियामा नरहेका त्यस्ता करदाताले संवत् २०७८ साल पुस मसान्तभित्र बक्यौता मिन्हाको लागि निवेदन दिएमा त्यस्तो बक्यौता मिन्हा हुने।<br>• **स्कीमको अवधि *२०७८ पुस मसान्तसम्म*** |
| ३. | २२ | **उत्पत्तिको प्रमाणपत्र जारी गरे बापतको कर, थप दस्तुर, ब्याज र जरिबाना मिन्हा सम्बन्धी विशेष व्यवस्था** | • निकासी प्रयोजनको लागि उत्पत्तिको प्रमाणपत्र जारी गर्ने निकाय वा संस्थाले संवत् २०७८ साल जेठ १४ गतेसम्म त्यस्तो प्रमाणपत्र जारी गरे बापत बुझाउन बाँकी मूल्य अभिवृद्धि कर वा सो मितिसम्म कर निर्धारण भई बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र ब्याज, थप दस्तुर र जरिबाना मिन्हा हुने। |

| क्र. सं. | दफा | विषय | संशोधित व्यवस्था |
|---|---|---|---|
| ५. | २३ | **ट्रेकिङ्ग तथा टुर प्याकेजमा लाग्ने थप दस्तुर, ब्याज र जरिबाना मिन्हा सम्बन्धी विशेष व्यवस्था** | • ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको कारोबार गर्ने व्यक्तिले विगतमा ट्रेकिङ्ग तथा टुर प्याकेजमा मूल्य अभिवृद्धि कर लाग्ने कारोबारलाई कर छुटको बिक्री अन्तर्गत देखाई मूल्य अभिवृद्धि कर संकलन र दाखिल नगरेकोमा संवत् २०७८ साल जेठ १४ गतेसम्मको कारोबारको स्वयं घोषणा गरी त्यस्तो कारोबारमा लाग्ने मूल्य अभिवृद्धि कर संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुने।<br>• कर छुटको बिक्री अन्तर्गतको कारोबारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई तिर्न बाँकी रहेको बक्यौता करमध्ये निर्धारित कर रकम संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुने।<br>• कर निर्धारण उपर प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभाग वा राजस्व न्यायाधिकरणमा निवेदन दिई मुद्दा विचाराधीन रहेको व्यक्तिले त्यस्तो मुद्दा फिर्ता लिई निर्धारित कर रकम संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुने।<br>• **स्कीमको अवधि *२०७८ पुस मसान्त*** |
| ४. | २४ | **स्वास्थ्य सेवा प्रदायक संस्थालाई थप दस्तुर र ब्याज मिन्हा सम्बन्धी विशेष व्यवस्था** | • स्वास्थ्य सेवा प्रदायक संस्थाले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर बिक्रीमा संकलन गरेको मूल्य अभिवृद्धि करमा मिलान हुन नसकेको बाँकी रकम स्वास्थ्य सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज भई कर विवरणमा डेबिट समायोजन गर्दा तिर्न बुझाउन बाँकी रहेको रकममध्ये त्यसरी समायोजन गरेको कर रकम संवत् २०७९ साल असार मसान्तभित्र बुझाएमा सोमा लागेको थप दस्तुर र ब्याज मिन्हा हुने।<br>• **स्कीमको अवधि *२०७९ असार मसान्तसम्म*** |
| ५. | २६ | **अन्तःशुल्क इजाजतपत्र नवीकरण सम्बन्धी विशेष व्यवस्था** | • अन्तःशुल्क ऐन, २०५८ बमोजिम इजाजतपत्र लिई तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाले इजाजतपत्र नवीकरण गराई कारोबारलाई निरन्तरता दिन चाहेमा संवत् २०७८ साल साउन मसान्तभित्र प्रत्येक वर्षको लागि नवीकरण बापत लाग्ने दस्तुर बुझाई नवीकरण गरेमा लाग्ने जरिबाना मिन्हा हुने। तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः खारेज हुने।<br>• **स्कीमको अवधि *२०७८ साउन मसान्त*** |

## कोभिड-१९ को कारणबाट प्रभावित कारोवारमा कर छुट सम्बन्धी व्यवस्था

| कसले पाउने | कति छुट हुने | कति कर तिर्नुपर्ने |
|---|---|---|
| वार्षिक २० लाखसम्मको कारोवार र रु. २ लाखसम्म आय हुने करदाता (डे ०१ विवरण पेश गर्ने) | लाग्ने करमा ९० प्रतिशत छुट | |
| वार्षिक २० लाख देखि ५० लाखसम्म कारोवार हुने करदाता (डे ०२ विवरण पेश गर्ने) | लाग्ने करमा ७५ प्रतिशत छुट | |
| वार्षिक १ करोडसम्मको कारोवार भएका करदाता (डे ०३ विवरण पेश गर्ने) | लाग्ने करमा ५० प्रतिशत छुट | |
| होटल, ट्राभल, ट्रेकिङ्ग, चलचित्र व्यवसाय, पार्टिप्यालेस, संचार, यातायात वा हवाई सेवाको एक करोडभन्दा बढी कारोवार भएका करदाता (डे ०३ विवरण पेश गर्ने) | | करयोग्य आयको १ प्रतिशतले हुने कर रकम |